मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २३६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ भाद्र २१ गते शनिबार ❑ 6 Sept. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## पोखरामा आठौं इक्यान एजुकेसन फेयर सुरु

पोखरापत्र संवाददाता
पोखरा, २० भाद्र



नेपाल शैक्षिक परामर्श संघ (इक्यान) कास्की शाखाको आयोजनामा शुक्रबारदेखि पोखरामा 'आठौं इक्यान एजुकेसन फेयर' सुरु भएको छ । टाइम्स एजुकेसनल कन्सल्टेन्सीको मुख्य प्रायोजनमा पोखराको न्यूर ोडस्थित सिटी स्क्वायर बैंक्वेटमो बृहत् शैक्षिक मेला सुरु भएको हो ।

मेलाको उद्धाटन गर्दै गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दुकुमार थापाले इक्यानले विद्यार्थीलाई विश्वका प्रतिष्ठित शैक्षिक संस्थाहरूसँग जोड्ने महत्त्वपूर्ण कार्य गरेको बताए । उनले भने, 'मेलाले हजारौं विद्यार्थी तथा अभिभावकलाई सही जानकारी, अवसर र सम्भावनासँग प्रत्यक्ष परिचित गराउनेछ ।'

उनले नेपालको शिक्षा क्षेत्र राष्ट्रिय विकासको मेरुदण्ड भएको बताउँदै विश्वव्यापी रूपमा बदलिँदै गएको ज्ञान र सीपसँग कदम मिलाउन गुणस्तरीय शिक्षा अपरिहार्य रहेकोमा जोड दिए । प्रदेश सरकारको नीतिबारे प्रकाश पार्दै उनले भने, 'सरकारको प्राथमिकता देशमै उच्चस्तरीय शैक्षिक अवसर विस्तार गर्नु, प्रविधि र सीपमूलक शिक्षालाई प्रोत्साहन गर्नु र विदेशमा अध्ययन गर्न चाहने विद्यार्थीलाई सहज, पारदर्शी र सुरक्षित वातावरण सुनिश्चित गर्नु हो ।' उनले शैक्षिक परामर्शसम्बन्धी कार्यविधि कार्यान्वयनमा ल्याइएको र यसले दर्ता, नवीकरण र खारेजीसम्बन्धी प्रक्रियालाई व्यवस्थित गरेको पनि जानकारी दिए । उनले विद्यार्थीलाई भाषा र व्यावसायिक सीप मजबुत बनाएर विदेश जान पनि सुझाव दिए । इक्यान कास्कीका अध्यक्ष ओमप्रकाश गैह्रेले कोभिड महामारीका कारण केही वर्षदेखि स्थगित भएको मेलालाई निरन्तरता दिन सफल भएकोमा खुसी व्यक्त गरे । उनले इक्यानका सदस्य संस्था र केन्द्रको सहयोगप्रति आभार व्यक्त गर्दै भने, 'हाम्रो चाहना नेपाली विद्यार्थीले स्वदेशमै उच्च शिक्षा अध्ययन गरोस् भन्ने नै हो । तर, धेरै विद्यार्थीहरू विदेशमा गएर आफ्नो भविष्य सुरक्षित गर्ने सोचमा छन् ।' उनले विदेश जाने विद्यार्थीलाई सत्य, तथ्य परामर्श र अभिभावकीय भूमिका आवश्यक रहेकोमा जोड दिए । उनले थपे, 'विदेश जानुअघि त्यहाँको नीति नियम, भिसा प्रक्रिया र कलेजबारे पूर्ण जानकारी हुनुपर्छ । हामी यही आवश्यकता पूरा गर्न लागिपरेका छौं ।' नेपाल शैक्षिक परामर्श व्यवसायी महासंघका अध्यक्ष राजेन्द्र बरालले हिजोका दिनमा काठमाडौंमा मात्र सुरु भएका यस्ता गतिविधिहरू अहिले विभिन्न प्रदेश र जिल्लाहरूमा पनि भइरहेको बताए । गण्डकी प्रदेश सरकारले बनाएको निर्देशिकाका सम्बन्धमा बोल्दै उनले नीतिनियम बनाउने क्रममा सरोकारवालालाई राखेर छलफल गराए मात्रै कानुन बलियो हुने धारणा राखे । इक्यानका केन्द्रीय अध्यक्ष शेषराज भट्टराईले काठमाडौंमा २९औं स्थापना दिवस मनाइरहँदा इक्यानले विद्यार्थीलाई विदेशका उत्कृष्ट कलेजमा भर्ना प्रक्रियामा मात्रै नभई, उनीहरूलाई नेपालको विकासक्रममा फर्काउने प्रयास पनि गरेको बताए । उनले शैक्षिक परामर्श क्षेत्रका लागि छुट्टै ऐन बनाउनुपर्ने र नीति निर्माण गर्दा सरोकारवालासँग छलफल गर्नुपर्ने सुझाव दिए । उनले पोखरालाई शिक्षाको 'हब' बनाउन निजी क्षेत्र र परामर्श केन्द्रले सहयोग गर्न सक्ने पनि बताए । इक्यानका निवर्तमान अध्यक्ष प्रकाश पाण्डेले करियर काउन्सिलिङ, भर्ना र भिसा प्रक्रियाबारे सम्पूर्ण जानकारी दिने एउटा प्रमुख गन्तव्यका रूपमा पोखराको इक्यान मेला स्थापित भएको उल्लेख गरे । उनले भने, 'फरक-फरक परामर्श केन्द्रमा धाउनुपर्ने परिस्थितिलाई दुई दिनको मेलाले सहयोग पुऱ्याउँछ ।' व्यवसायीलाई प्रोत्साहन र गल्ती गर्नेलाई कारबाहीको व्यवस्था निर्देशिकामा समेटिनुपर्ने उनको भनाइ थियो । इक्यानका पूर्व केन्द्रीय अध्यक्ष दीपक गुरुङले इक्यानका सदस्य रहेका परामर्श केन्द्रबाट मात्र आवेदन दिन विद्यार्थीलाई आग्रह गर्दै कुनै समस्या परे इक्यान सहयोगी बन्ने बताए । इक्यानका केन्द्रीय उपाध्यक्ष भुवनबहादुर क्षेत्रीले नेपालभर हाल ७ सय २० परामर्श केन्द्र शिक्षा मन्त्रालयमा सूचीकृत भएको जानकारी दिँदै ती संस्थाबाट विश्वसनीय सेवा लिन सकिने बताए । 'इक्यानका सदस्यले विद्यार्थीलाई विदेश पठाउने मात्र नभई अध्ययनपछि नेपाल फर्काउने अभियान पनि सञ्चालन गरिरहेका छन्,' उनले भने, 'अवसरको खोजी गर्ने मानवीय स्वभाव नै हो, यद्यपि इक्यानले नेपाल फर्काउने अभियान पनि चलाइरहेको छ ।'

टाइम्स एजुकेसनल कन्सल्टेन्सीका प्रबन्ध निर्देशक प्रेम सुवेदीले मेलालाई भव्य बनाउन सदैव साथ र सहयोग रहने प्रतिबद्धता व्यक्त गरे । उनले उत्कृष्ट परामर्शदाताको उपस्थितिमा हुन लागेको मेलाबाट लाभ लिन विद्यार्थी, अभिभावक एवं अन्य सरोकारवालालाई आग्रह

बाँकी अन्तिम पृष्ठमा ▶▶

## समाजले नैतिक मूल्यमान्यता र सदाचारको खोजी गरेको छ: प्रदेश प्रमुख भट्ट

पोखरापत्र संवाददाता
पोखरा, २० भाद्र



गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले जीवन व्यवहारमा नैतिक मूल्यहरूको स्थापना र सदाचारलाई प्रमुख प्राथमिकतामा राख्नुपर्नेमा जोड दिनुभएको छ । समाजले नैतिक मूल्यमान्यता र सदाचारको खोजी गरेको उहाँको भनाई छ ।

पोखरामा शुक्रबार मानव मिलन संस्थाको ३१ औं अन्तर ाष्ट्रिय सम्मेलनको समुद्घाटन गर्नुहुँदै प्रदेश प्रमुख भट्टले यस्तो बताउनुभएको हो । 'समाज असामाजिक क्रियाकलापले आक्रान्त छ । मानव खुसी र समृद्ध बनाउन हाम्रो व्यवहार परिवर्तन प्रमुख कुरा हो ।' उहाँले भन्नुभयो । समानता र सहअस्तित्वमा आधारित मानवताको सम्वर्द्धन र मानव कल्याणको लागि शिक्षा, स्वास्थ्य जस्ता आधारभूत मानवीय सेवाका क्षेत्रमा समर्पित हुने गरी मणिभद्र मुनिजी महाराजबाट ३१ वर्ष अघि यो संस्थाको परिकल्पना र स्थापना गरिएकोमा उहाँले आभार व्यक्त गर्नुभयो । 'मानिसको धर्म नै मानवता हो । सबै धर्मको मूल लक्ष्य भनेको मानव जातिको कल्याण नै हो । हाम्रोजस्तो विभिन्न जातजाति, भाषाभाषी, धर्म र संस्कृति भएको देशमा सबै नेपालीहरूबीच रहेको धार्मिक सहिष्णुता, मेलमिलाप र सद्भाव नेपालीको विशिष्ट पहिचान हो ।' उहाँले भन्नुभयो - 'विश्वमा अहिंसा तथा शान्तिको वातावरण सिर्जनामा हामीले भूमिका खेल्न सक्नु पर्दछ । मानव सेवाको पक्षमा सञ्चालित अभियानहरूमा सरकारसहित सबैले सहयोग र सहकार्य गर्नुपर्ने हुन्छ ।'

हरेक मानिसमा परोपकारको भावना हुनुपर्नेमा जोड दिनुहुँदै उहाँले गरिब, असहाय, दीनदुःखीको सेवा हामी सबैको चित्तमा रहनुपर्ने बताउनुभयो । मानव मिलन संस्थाले विगत लामो समयदेखि शिक्षा र स्वास्थ्य जस्ता आधारभूत मानवीय सेवाका क्षेत्रमा आफूलाई समर्पण गरिरहेकोमा उहाँले खुशी प्रकट गर्नुभयो । तीन 'स' समानता, सहिष्णुता र सहअस्तित्व नै वर्तमान समयको माग हो भन्ने विषय आत्मसात् गर्दै वर्गीय, क्षेत्रीय सीमालाई अतिक्रमण गरी मानवता र मानवीयताको पहिचान दिन र दिलाउन संस्था अनवरत क्रियाशील रहेको पाएको उहाँको भनाई छ । 'मानव मिलन संस्थाले जाती, धर्म, सम्प्रदाय, रंग र लिंगभेद जस्ता संकीर्णताहरु भन्दा माथि उठेर शिक्षा, स्वास्थ्य र सेवाको माध्यमबाट आपसमा सहयोग, सद्भाव, ज्ञान, ध्यान, अहिंसा एवं मानवको सुखशान्तिमा समर्पित रही आदर्श समाज स्थापनामा सहयोग पुगेको विश्वास लिएको छु ।' उहाँले भन्नुभयो ।

## सूचना, प्रविधि र सीपयुक्त रोजगारीमा लगानी बढाउनुपर्नेमा जोड

पोखरापत्र संवाददाता
पोखरा, २० भाद्र

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्र ढकालले सूचना प्रविधि र सीपयुक्त रोजगारीमा लगानी बढाउनुपर्नेमा जोड दिनुभएको छ ।

ल े ख न ा थ उद्योग वाणिज्य सङ्घको २ ९औं वार्षिक साधारणसभा एवं १५औं महाधिवेशनको शुक्रबार यहाँ उद्घाटन गर्दै उहाँले औद्योगिक विकासलाई अघि बढाउन नीतिगत स्पष्टता, पूर्वाधार निर्माण र सुरक्षाको प्रत्याभूति आवश्यक हुने बताउनुभयो ।

देशमा जे चिजको सम्भावना छ त्यसको खोजी गरी आर्थिक उपार्जन तिर लाग्न व्यवसायीलाई आग्रह गर्दै उहाँले निजी क्षेत्रको लगानीबाट मात्रै आर्थिक गतिविधि चलायमान हुने धारणा राख्नुभयो ।

वर्तमान परिस्थितिमा निराश हुनुपर्ने अवस्था नभएको स्पष्ट पार्दै उहाँले निष्ठा, इमान्दारी र सकारात्मक दृष्टिकोणले मात्र आर्थिक रूपान्तरण सम्भव भएको धारणा राख्नुभयो । लेखनाथ उद्योग वाणिज्य सङ्घका अध्यक्ष विनोद श्रेष्ठले बन्द रहेका उद्योगलाई चलायमान गराउनुपर्ने धारणा राख्नुभयो । त्यसका लागि केन्द्रीयस्तरबाट लगानीमैत्री वातावरण सृजना गरिनुपर्ने उहाँको भनाइ छ ।

युवा शक्ति विदेशिने समस्याको समाधान रोजगार सिर्जना भएको बताउँदै उहाँले लेखनाथलाई प्रदेशस्तरीय औद्योगिक क्षेत्र तथा स्थायी सभाहलको आवश्यकता रहेको बताउनुभयो ।

कास्कीका जिल्ला प्रमुख अधिकारी रुद्रादेवी शर्माले आर्थिक र रोजगारी वृद्धिका लागि स्थानीय मागलाई आधार मानी आयात विस्थापित गर्ने कार्ययोजना अनुसार अगाडि बढ्न सुझाव दिनुभयो ।

लेखनाथ उद्योग वाणिज्य सङ्घका संस्थापक अध्यक्ष चन्द्रकृष्ण कर्माचार्यले संस्थाको भौतिक संरचना र सामाजिक रुपान्तरणमा सङ्घको भूमिका स्मरण गराउँदै विसं २०७८ मा स्थापना गर्नुभएको 'चन्द्रकृष्ण ज्येष्ठ नागरिक सेवा पुरस्कार' पोखरा-३२ राधाकृष्ण शान्ति आश्रमका पीठाधिश मुकुन्दशरण उपाध्यायलाई प्रदान गरियो । सो पुरस्कार राशि रु एक लाख एक हजार रहेको छ ।


त्यसैगरी आर्थिक पत्रकार पुरस्कार पत्रकार सुरेन्द्र पौडललाई प्रदान गरियो । सो पुरस्कारको राशि रु १५ हजार ८८ रहेको छ । साथै लेखनाथ उद्योग वाणिज्य सङ्घले प्रदान गर्ने महिला उद्यमी सम्मान रुपकला श्रेष्ठलाई गरिएको छ ।

## राप्रपामा कुनै गुटउपगुटको समस्य छैन: अध्यक्ष लिङ्देन

पोखरापत्र संवाददाता
पोखरा, २० भाद्र

राष्ट्रिय प्रजान्तन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देनले विभिन्न पार्टीमा गुटउपगुट हुँदा समस्या देखिएको भन्दै राप्रपामा गुटउपगुटको समस्या नभएको बताउनुभएको छ ।

बैंसीसहर नगरपालिका-७ मा आज आयोजित राप्रपा लमजुङको जिल्ला अधिवेशनलाई उद्घाटन गर्दै उहाँले राप्रपा एकताबद्ध रूपमा अघि बढेकाले कुनै समस्या नरहेको धारणा राख्नुभयो । देश र जनताका लागि सङ्घर्ष गर्दै आएको पार्टी भएकाले एकता र समन्वयमार्फत जनहितलाई केन्द्रमा राखेर राप्रपाले काम गर्ने अध्यक्ष लिङ्देनले उल्लेख गर्नुभयो । प्रत्यक्ष जनताले चुनेर कार्यकारिणी प्रधानमन्त्री हुनुपर्ने माग आफ्नो पार्टीको रहेकामा उहाँले जोड दिनुभयो ।



# पृथ्वी पत्रकारिता पुरस्कारबाट सुवेदी पुरस्कृत

**पोखरापत्र संवाददाता**
पोखरा, २० भाद्र



पोखराका पत्रकार गोविन्द सुवेदी पृथ्वी पत्रकारिता पुरस्कारबाट सम्मानित भएका छन् । पृथ्वी होटल व्यवसायी समितिले आफ्नो १३ औं वार्षिक साधारण सभा तथा ७ औं अधिवेशनको उद्घाटन समारोहमा सुवेदीलाई पर्यटन पत्रकारिता मार्फत पर्यटन क्षेत्रमा योगदान पुर्याएको भन्दै नगदसहित सम्मान पत्रले सम्मानित गरिएको हो ।

उनलाई नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछाने, पोखरा भ्रमण वर्ष २०२५ का कार्यसम्पान संयोजक गोपी बहादुर भट्टराई, पृथ्वी होटल व्यवसायी समिति अध्यक्ष अम्बिका घिमिरे ‘ अमृत’ ,पूर्व अध्यक्ष बालकृष्ण न्युरे, नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष माधव बराल लगायतले नगद र सम्मान पत्रले सम्मान गरेका थिए । केन्द्रभाग डटकमका प्रधान सम्पादक रहेका सुवेदी विगत दुइ दशक देखि पोखरामा पत्रकारिता गर्दै आएका छन् । नेपाल पत्रकार महासंघ गण्डकीका निवर्तमान महासचिव सुवेदी यस अगाडि आर्थिक पत्रकारिता पुरस्कार, यातायात पत्रकारिता पुरस्कार, क्रियाशील युवा पत्रकारिता पुरस्कार, पर्यटन पत्रकारिता पुरस्कार लगायत विभिन्न संघ संस्थाले प्रदान गर्ने पुरस्कार र सम्मानबाट पुरस्कृत भइसकेका छन् । कार्यक्रममा बोल्दै पत्रकार सुवेदीले उक्त पुरस्कारले पत्रकारलाई थप प्रोत्साहन हुने जनाए ।

कार्यक्रममा बोल्दै नेपाल पर्यटन बोर्ड गण्डकीका प्रमुख लामिछानेले समितिले पोखरा जाऔं प्रकृतिसंग रमाऔं भन्ने नारा सहित पोखराको प्रबर्द्धनमा लागेको अभियान निकै प्रंशम्सनीय रहेकोले त्यस अभियानलाई बोर्डले निरन्तर सहयोग गर्ने बताउनु भयो । पोखरा र लुम्बिनीलाई कनेक्टिङ गरी दुबै क्षेत्रको पर्यटन प्रबर्द्धनमा केही प्रभावकारी कार्यक्रम गर्ने तयारी गरेको उहाँले बताउनु भयो । होटल व्यवसायी महासंघ गण्डकी प्रदेशका अध्यक्ष अर्जुन चोखालले पोखरालाई पर्यटनको राजधानि घोषणा गरे पनि पोखरा सहित ग्रेटर पोखराको अवधारणामा अघि बढ्नु पर्ने सुझाव दिनुभयो ।

पोखरा भ्रमण बर्षका संयोजक भट्टराईले पोखरामा हुने गरेका विभिन्न खेलकुद गतिविधिबाट पोखराका पर्यटन तथा अन्य व्यवसायीहरुले लाभ लिन नसकेको गुनासो गर्नुभयो । पोखरा भ्रमण बर्ष मनाई रहदा हरेक पर्यटकीय क्षेत्र र पोखरा क्षेत्रमा सरसफाई, सीसी क्यामरा जडान सहित कानूनि मान्यता पूरा गर्न उहाँले आग्रह गर्नुभयो । होटल संघ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले समिति र संघ एकै बाबुका दुई छोरा जस्तै रहेको सोही अनुसारको व्यवाहार गर्दै अघि बढेको बताउनु भयो ।

समितिका अध्यक्ष घिमिरेको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा पोखरा उद्योग बाणिज्य संघका महासचिव शोभा गौतम, पोखरा च्याम्बर अफ कर्मसका अध्यक्ष उमाराज बाँस्तोला, समितिका सचिव शोभाकान्त चापागाई लगायतले बोल्नु भएको थियो ।

# एभरेष्ट महिला भलिबल लिगमा कर्णाली र ललितपुरको विजयी सुरुआत

**पोखरापत्र संवाददाता**
पोखरा, २० भाद्र



पोखरामा शुक्रबारदेखि दोस्रो संस्करणको एभरेष्ट महिला भलिबल लिग सुरु भएको छ ।

इन्फिनिटी ड्रिम्स प्रालिको आयोजनामा पोखरा रङ्गशालास्थित बहुउद्देश्यीय कभर्ड हलमा सञ्चालन भएको प्रतियोगिताको पहिलो खेलमा साविक विजेता कर्णाली यशविस र ललितपुर क्विन्सले विजयी सुरुआत गरेका छन् । आफ्नो पहिलो खेल जितेका दुवै टोलीले तीन-तीन अङ्क बटुलेका हुन् ।

प्रतियोगिताको उद्घाटन खेलमा कर्णालीले घरेलु टोली पोखरा निन्जाजमाथि ३-० को सोझो सेटमा जित निकालेको हो । कर्णालीले पहिलो सेट २५-२१ ले जित्यो । दोस्रो सेटमा २५-२० को जित निकालेको कर्णाली तेस्रो सेटमा झनै लयमा देखियो । उसले तेस्रो सेट २५-१४ अङ्कले जितेर उत्कृष्ट सुरुआत गरेको हो ।

त्यसैगरी, दोस्रो खेलमा ललितपुरले मधेस युनाइटेडलाई ३-० को सोझो सेटमा पराजित गर्‍यो । पहिलो सेट २५-१७ ले आफ्नो पक्षमा पारेको ललितपुरले दोस्रो सेट २५-१३ र तेस्रो सेट २५-१९ ले जित निकाल्यो । प्रतियोगिताअन्तर्गत शनिबार पहिलो खेल ललितपुर क्विन्स र काठमाडौं स्पाइकर्सबीच तथा दोस्रो खेल कर्णाली यशविस र लुम्बिनी लाभाजबीच खेल हुने आयोजकले जनाएको छ । भोलिको अन्तिम खेल पोखरा निन्जाज र मधेस युनाइटेडबीच हुनेछ ।

यही भदौ २८ गतेसम्म सञ्चालन हुने लिगमा छ फ्रेन्चाइज टिमले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन् । सहभागी टोलीले ‘सिङ्गल राउण्ड रोविन’का आधारमा एकआपसमा खेलेपछि बढी अङ्क जोड्ने दुई टोलीबीच उपाधिका लागि प्रतिस्पर्धा हुनेछ ।

यसअघि प्रतियोगिताको उद्घाटन गर्दै युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले पोखरालाई स्पोर्टस् हब बनाउने गरी सरकारले प्राथमिकता दिएको बताउनुभयो । उहाँले पोखरा क्रिकेटमैदान तथा फुटबल रङ्गशालाको स्तरोन्नतिका लागि आवश्यक बजेटको व्यवस्था गरिएको जानकारी दिनुभयो ।

# यू १४ फुटबलको उपाधि शिशुकल्याण र त्रिभुवनलाई

**पोखरापत्र संवाददाता**
पोखरा, २० भाद्र



जिल्लास्तरीय एन्फा यू १४ छात्रछात्रा अन्तर विद्यालय फुटबल प्रतियोगिताको उपाधि शिशु कल्याण विद्यालय र त्रिभुवन शान्ति माविले जितेका छन् ।

कास्की जिल्ला फुटबल संघको आयोजनामा पोखरा रंगशालामा शुक्रबार फाइनलमा छात्रतर्फ शिशुकल्याणले गण्डकी बोर्डिङलाई ३-० गोलले पराजित गरेको हो । पहिलो हाफ गोलरहित बराबरी भएकोमा दोस्रो हाफको अन्तिम १० मिनेट सम्हालिन नसक्दा उपाधि दाबेदार गण्डकी उपविजेतामा सीमित हुन पुग्यो । शिशु कल्याणका लागि सुमन घर्तिमगरले पहिलो गोल गरे । कप्तान शक्ति बोहोरा र विक्रम गुरुङले एक एक गोल गरे । उपाधिसंगै शिशु कल्याणले नगद ५० हजार रुपैयाँ प्राप्त गर्दा उपविजेता गण्डकीले २५ हजार रुपैयाँ पायो । यसैगरी, छात्रातर्फ पोखराको खुँदीस्थित त्रिभुवन शान्ति माविले फूलबारीको सैनिक आवासीय माविलाई सडन डेथमा हराउँदै उपाधि जितेको हो । निर्धारित ६० मिनेटको खेलमा दुबै टिमले गोल गर्न नसक्दा खेल सिधैँ टाइब्रेकरमा पुगेको म्याच कमिस्नर गोपाल थापाले जानकारी दिए । ५/५ प्रहारमा बराबरी २ गोल भएपछि खेल सडन डेथमा पुगेको हो । दुबैतर्फबाट दुबै प्रहार गोलमा परिणत हुन नसकेपछि सातौं तथा अन्तिम प्रहार प्रतिमा पोखरेलले गरेकी हुन् । बलले जाली चुम्दा जुन निर्णायक बन्यो । उ

पाधिसंगै त्रिभुवन शान्तिले २० हजार र उपविजेता सैनिकले १० हजार रुपैयाँ प्राप्त गर्‍यो । प्रतियोगितामा सैनिक आवासिय महाविद्यालयकी रश्मि रिजाल र शिशु कल्याणका सुमन घर्ती मगर प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी घोषित भए । छात्रातर्फ रिजाल सर्वोत्कृष्ट हुँदा सैनिककै सन्सुभा थापा मगर उच्च गोलकर्ता बनिन् । उनले प्रतियोगिताभर ९ गोल गरिन् । त्रिभुवन शान्ति माविकी सोनम सुवेदी उत्कृष्ट गोलरक्षक, त्रिभुवनकै भिमकुमारी पुन उत्कृष्ट मिडफिल्डर, त्रिभुवनकै प्रतिमा पोखरेल उत्कृष्ट डिफेन्डर घोषित हुँदा त्रिभुवनकै रोमन थापा मगर उत्कृष्ट प्रशिक्षक घोषित भए । छात्रतर्फ गण्डकी बोर्डिङका वियोन गुरुङ उत्कृष्ट गोलरक्षक, गण्डकीकै सौरभ फडेरा उत्कृष्ट डिफेन्डर घोषित हुँदा शिशु कल्याणका दिपेश काफ्नो उत्कष्ट मिडफिल्डर, सुरेश गाहा उत्कृष्ट फरवार्ड, शक्ति बोहोरा उच्च गोलकर्ता ( कुल १२ गोल) र सुनिल रानामगर उत्कृष्ट प्रशिक्षक घोषित भए । उत्कृष्ट सबैलाई आकर्षक पुरस्कार प्रदान गरियो । गत १२ भदौदेखि सुरू भएको प्रतियोगितामा छात्रतर्फ २४ र छात्रातर्फ ६ टिमले भाग लिएका थिए । प्रतियोगितालाई बंगलादेशीय फुड उत्पादक कम्पनी प्रान, सहारा क्लब पोखरा, एबीज इन्जिनियरिङ लगायत अन्य संघसंस्थाले सहयोग गरेको थियो । पोखरा महानगरपालिका प्रवर्द्धक, प्रदेश खेलकुद परिषद गण्डकीले विशेष सहयोगी भूमिकामा रहेको थियो ।

# मनास्लु आरोहण गर्न दुई सय २४ जनाले लिए अनुमति

**पोखरापत्र संवाददाता**
गोरखा, २० भाद्र



यस वर्षको शरद ऋतु (सेप्टेम्बर, अक्टोबर र नोभेम्बर)मा मनास्लु हिमाल आरोहणका लागि दुई सय २४ जनाले अनुमति लिएका छन् । पर्यटन विभागबाट प्राप्त तथ्याङ्कअनुसार आठ हजार १६३ मिटर अग्लो मनास्लु आरोहणका लागि विभिन्न मुलुकका १७ टिमका दुई सय २४ जनाले अनुमति लिएका हुन् । यो तथ्याङ्क शुक्रबारसम्मको हो ।

विभागका अनुसार एक सय ६९ पुरुष र ५५ महिलाले मनास्लु हिमाल आरोहणका लागि अनुमति लिएका छन् । उनीहरूबाट रु नौ करोड ४३ लाख २२ हजार ८६० राजस्व सङ्कलन भएको छ ।

यो सिजनमा सबैभन्दा धेरै आरोहीले मनास्लु आरोहण गर्ने गरेका छन् । शुक्रबारसम्म सगरमाथा आरोहणका लागि जम्मा एक जनाले मात्र अनुमति लिएका छन् । ल्होत्से आरोहणका लागि दुई जनाले मात्र अनुमति लिएका छन् ।

अरु आरोहीहरूले आठ हजार मिटरभन्दा कम उचाइका हिमाल आरोहणको अनुमति लिएका छन् । तथ्याङ्कअनुसार सात हजार ८५५ मिटर अग्लो नुप्त्से आरोहणका लागि ११ जनाले अनुमति लिएका छन् । छ हजार ३९५ मिटर अग्लो ल्यायुल आरोहणका लागि १५ जनाले अनुमति लिएका छन् ।

गत वर्षको यही सिजनमा चार सय एक जनाले मनास्लु हिमाल आरोहणको अनुमति लिएका थिए । अहिले मनास्लु हिमालमा रोप फिक्सिङ (डोरी टाँग्ने) काम भइरहेको स्थानीय चुमनुब्री गाउँपालिका-१ सामागाउँका वीरबहादुर लामाले जानकारी दिनुभयो । साथै आरोहीहरू सामागाउँमा आइपुग्न थालेका छन् । यहाँ लमजुङ, मनाङ हुँदै लार्केपास गरेर आउने आरोहीको सङ्ख्या धेरै हुने गर्छ । कोही हेलिकप्टरबाट पनि आउने गर्छन् । विभागको तथ्याङ्कमा सबैभन्दा धेरै आरोही चीनका ४३ जनाले अनुमति लिएका छन् ।

पोल्याण्डका २५, रुसका २३, नेपाली आरोही २३, अमेरिकाका १६, जापानका १३, फ्रान्सका १२ क्यानडाका १० आरोहीले अनुमति लिएका छन् । पर्यटन विभागका निर्देशक एवं सूचना अधिकारी लीलाधर अवस्थले शरद ऋतुका लागि अनुमति लिन आउने आरोहीहरू विस्तारै बढ्ने बताउनुभयो । “बल्ल सिजन सुरु भएको छ । अब केही दिनमै धेरै आरोहीहरू अनुमति लिन आउँछन् ।” यसअघि गत वर्ष यो सिजनमा मनास्लु आरोहणका लागि चार सय एक जनाले अनुमति लिएका थिए ।

# एक-अर्काको ...

गरे । इक्यानले नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको शैक्षिक परामर्श तथा प्रमाणीकरण शाखाबाट अनुमति लिएर मेला आयोजना गरेको हो । यो गण्डकी प्रदेशकै सबैभन्दा ठूलो शैक्षिक मेला भएको आयोजकको भनाइ छ । मेला शनिबारसम्म चल्नेछ । मेलामा अमेरिका, अस्ट्रेलिया, क्यानडा, बेलायत लगायतका कलेज एवं विश्वविद्यालयका प्रतिनिधि, इक्यानका सदस्य संस्था र ब्रिटिस काउन्सिलसहित ६५ वटा स्टल छन् । मेलामा सहभागी विद्यार्थीलाई लक्की ड्र मार्फत ल्यापटप, ट्याब, मोबाइल, मुभी टिकट लगायत आकर्षक उपहार प्रदान गरिनेछ । मेलामा ब्रिटिस काउन्सिल नेपालको सहकार्य रहेको छ । मेलाको ‘पावर्ड बाइ’ मा बेलायतस्थित युनिभर्सिटी अफ वर्केस्टर र योर्क सेन्ट जोन युनिभर्सिटी रहेका छन् । यसको प्लाटिनम प्रायोजकमा ग्रेस इन्टरनेसनल, गोल्ड प्रायोजकमा चर्चिल इन्स्टिच्युट अफ हाइयर एजुकेसन/आईआईई र बैंकिङ पार्टनरमा एनएमबी बैंक रहेका छन् । उद्घाटन समारोहमा मेलाका संयोजक तथा इक्यान कास्कीका उपाध्यक्ष सन्तोष शाहीले स्वागत गरेका थिए । कार्यक्रमको सञ्चालन इक्यान कास्कीका सचिव सुरेन्द्र बरालले गरेका थिए ।

# आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माण

**पोखरापत्र संवाददाता**
दमौली, २० भाद्र

भिमाद नगरपालिका-१ डुम्रीबैंसीमा रु ३२ लाख ४५ हजारको लागतमा चारकोठे आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माण भएको छ ।

सङ्घीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले प्रदान गरेको रकमबाट भवन निर्माण गरिएको वडासदस्य दयाराम श्रेष्ठले जानकारी दिनुभयो । केन्द्रबाट भिमाद नगरपालिका-१ डुम्रीबैंसी, घिरिङ गाउँपालिका-२, स्याङ्जाको हरिनास, चापाकोटका सर्वसाधारण प्रत्यक्ष लाभान्वित हुनेछन् । अब यहाँका बासिन्दा अपायक बोमाटारमा स्वास्थ्य केन्द्र पुग्नुपर्ने बाध्यताबाट मुक्त भएका छन् ।


## सुवर्ण अवसर

लेकसाइड, जरेवर, मालेपाटन, मासवार, सिमलचौर, प्रस्र्याङ, राष्ट्रबैंक चोक, बैदाम, रत्नचोक, सेदी, पामे इत्यादि ठाउँमा इन्टरनेट जडान गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

साथै दशैं तथा शुभ दीपावलीको अवसरमा विशेष छुटको समेत व्यवस्था छ ।

सजिलो NET
सरल - सुलभ - सुपथ

**सजिलो नेट प्रा. लि.**
ठाडो पसल-६ लेकसाईड, पोखरा
फोन: ९८०२८५२८३८/९८०२८५२८३७
मुख्य कार्यालय: ताहाचल-१३, काठमाडौं
फोन: ०१-५९७०४६६



“आयुर्वेदोऽमृतानाम:”
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल

## माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि

पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसल्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी



डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि



डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि



डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# पोखराको नारायणस्थान नदीपुरमा चरणवद्ध विभिन्न अनुष्ठान हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २० भाद्र

महायोगी सिद्धवावा आध्यात्मिक प्रतिष्ठान, पोखरा शाखाले पोखराको नदीपुरस्थित नारायणस्थानमा विभिन्न अनुष्ठान गर्ने भएको छ।

गत असार २२ गते देखि पोखरा महानगरपालिका, वडा नं. ३ नदीपुरमा चर्तुमास यज्ञ अनुष्ठानको साथमा हिमालय सिद्ध महायोग ध्यान साधना सञ्चालन गर्दै आएको प्रतिष्ठानले यो सँगै अन्य विभिन्न अनुष्ठानहरू गर्न लागेको आज पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइयो । अनन्तश्री विभूषित श्रीमज्जगद्गुरु रामानन्दाचार्य स्वामी श्रीरामकृष्णाचार्य महायोगी सिद्धबाबाको प्रत्यक्ष उपस्थितिमा जारी साधना अर्न्तगत हरेक दिन बिहान ६.०० बजे देखि ८ बजेसम्म सिद्धमहायोग ध्यान साधना भैरहेको प्रतिष्ठानका अध्यक्ष विष्णुप्रसाद शर्माले जानकारी दिनुभयो। त्यस्तै दिनभर नवग्रह शान्ति, नाडी जाँच, आर्युवेदिक उपचारको साथै नवग्रह शान्ति तथा रुद्रीपुजा एवम् हरेक दिनको अपरान्ह ४ बजे देखि ६ बजेसम्म सत्संग लगायतका कार्यक्रम भैरहेको उहाँले जानकारी दिनुभयो। चर्तुमास यज्ञ अनुष्ठान अर्न्तगत श्रोह्र श्राद्धमा पित्री यज्ञ, दशैंको अवसरमा नवदुर्गा यज्ञ र दिपावलीको अवसरमा श्रीलक्ष्मी यज्ञ अनुष्ठान गर्ने तयारी गरिएको छ रहेको र एकै ठाँउमा तीनै वटा महत्वपुर्ण यज्ञहरु विरलै हुने गरेको आयोजकको भनाइ छ।



पत्रकार भेटघाट कार्यक्रम संयोजक विश्व प्रकाश प्रसाईले भौतिक विकाससँगै मानिसमा ह्रास हुँदै गई रहेको आध्यात्मिक चिन्तन, सनातन संस्कार र कर्मयोगी व्यवहारको कारण समाजमा दिगो शान्ति स्थापित हुन नसकेको भन्दै म को हुँ? र किन? भन्ने तत्ववोधको अभावमा चाहना र अपेक्षासंगै मानिसहरु भौतारिएको कारण मनमा शान्ति र तनमा सुख वोध हुन नसकेको बताउनुभयो । यसै परिवेशमा समाजको हरेक सदस्यमा आफ्नो आत्मवोध गराउँदै आध्यात्मिक ज्ञानको माध्यमवाट सोच र आचरणमा शुद्धता, योगको माध्यमवाट शारिरिक तन्दुरुष्टि र संयोजित विकासको माध्यमवाट भौतिक आवश्यकताको परि पुर्तिको महान राष्ट्रिय अभियान लिएर अनन्तश्री विभूषित श्रीमज्जगद्गुरु रामानन्दाचार्य स्वामी श्रीरामकृष्णाचार्य महायोगी सिद्धबाबा विगत दुई दशक देखि नेपाल र नेपालीको बीचमा रहनुभएको उहाँले बताउनुभयो।

पुण्यभूमि पोखरालाई धार्मिक पर्यटन केन्द्रको रुपमा विकास गरी मुक्तिनाथदेखि देवघाटसम्मका सवै पवित्र धार्मिक स्थलको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्दै यस क्षेत्रको साथै देशकै राष्ट्रिय समृद्धिमा योगदान पुर्‍याउने संकल्प रहेको उहाँले बताउनुभयो। पोखरामा २०७२ सालमा विना अक्सिजन नौ/नौ दिनसम्म वन्द वाकस भित्र संयौ वोरा माटोले पुरिएर समाधी ग्रहण गरी विज्ञानलाई चुनौती दिँदै आध्यात्मिक शक्तिलाई प्रमाणित गरिसक्नु भएका सिद्ध पुरुषको पावन संकल्पमा हिमालयन सिद्धमहायोग ध्यान-साधना र शक्तिपात महादिक्षाको साथमा कुण्डलिनीशक्ति जागरण नै रोग-कष्ट निवारण, भगवानको परम मंगलमय नाम, अजपा, जप र अनहद नाद श्रवणद्वारा दिव्य भक्तिको प्रत्यक्ष अनुभव र ब्रह्मानन्दको रसास्वादन गराउने एउटै उपाय भएको पत्रकार सम्मेलनमा जानकारी गराइयो।

सोह्र श्राद्धको अवसरमा यहि भाद्र २२ गते देखि असोज ५ गतेसम्म पितृ यज्ञ हुने र सो यज्ञमा बराहक्षेत्रका पुजारी श्री पण्डित योगेश भण्डारीबाट गरुड पुराणको पाठ, बराह पुराण तथा भानुभक्त रामायणको प्रवचन हुने नारायणस्थान धार्मिक क्षेत्र विकास समिति ,नारायणस्थानका अध्यक्ष महेश पराजुलीले जानकारी दिनुभयो।

कार्यक्रम अनुसार हिन्दूहरूको महान चाड दशैं अर्थात नवरात्र महापर्वका अवसरमा असोज ६ गते देखि १५ गतेसम्म सहस्र चण्डी महायज्ञको आयोजना हुनेछ। जस अर्न्तगत नियमित साधनाको साथमा बिहान ९.०० बजे देखि दिनको १२ बजेसम्म सहस्रचण्डी महायज्ञ सञ्चालन हुनेछ। यस यज्ञवाट कर्ताहरुको साथै समग्र समाजमा जगत्‌जननी दुर्गा भवानीको असीम कृप्रा प्राप्त हुने आयोजकको भनाई छ। त्यस्तै पितृयज्ञ र सहस्रचण्डी महायज्ञ सम्पन्न भएपछि दीपावली र लक्ष्मीपूजाको पावन अवसरमा धन, ऐश्वर्य र समृद्धि प्राप्तिका लागि आगामी असोज ३१ गते देखि कार्तिक ४ गतेसम्म श्रीविद्या एवम् श्रीमहालक्ष्मी महायज्ञ आयोजना गरिने प्रतिष्ठानका अध्यक्ष विष्णुप्रसाद शर्माले जानकारी दिनुभयो । बिहानको नियमित साधना पश्चात ९:०० बजे देखि १२:०० बजेसम्म यो अनुष्ठान सञ्चालन हुनेछ भने यज्ञसँगै अपरान्ह ४:० बजे देखि ६:० बजेसम्म सत्संग गरिनेछ।

गुरुकृपा, पितृकृपा, दुर्गाकृपा र महालक्ष्मीजीको दिव्य कृपा एकैसाथ प्राप्त गर्ने यस्तो अवसर जीवनमा बारम्बार नआउने भन्दै पत्रकार सम्मेलनमा आफ्नो नाम कर्ताको रूपमा दर्ता गरी यस महायज्ञ-अनुष्ठानमा सहभागी भई पुण्यलाभ लिन सबैमा अनुरोध गरिएको छ।

# लोमान्थाङको छोर्तेनछोमा तीव्रताका साथ पुल निर्माण गरिँदै

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २० भाद्र

उपल्लो मुस्ताङको लोमान्थाङ गाउँपालिकाले वडा नं १ र २ जोड्ने छोर्तेनछोमा तीव्रताका साथ पुल निर्माण भइरहेको छ।

गाउँपालिकाको वित्तीय समानीकरण बजेट विनियोजन गरी वडा नं १ र २ सहित झोङ गुफा र निफुक गुम्बा जोड्ने पक्की मोटरेबल पुल निर्माण अन्तिम चरणमा पुगेको हो।

यहाँ पक्की पुल निर्माणका लागि गाउँपालिकाले गत माघ १० गते माछापुच्छ्रे इञ्जिनियरिङ प्राइभेट लिमिटेडसँग रु ७८ लाख २० हजार आठ ३६ लागतमा ठेक्का सम्झौता गरेको थियो । आगामी माघ १० गतेसम्म पुल सम्पन्न गरिसक्नुपर्ने म्याद निर्धारण गरिएकाले तीव्रताका साथ काम भइरहेको गाउँपालिकाका सबइञ्जिनियर उदय तिमिल्सिनाले जानकारी दिनुभयो । उहाँका अनुसार निर्माणाधीन पुलको भौतिक प्रगति ६० प्रतिशत र वित्तीय प्रगति २० प्रतिशत रहेको छ।



आठ मिटर लम्बाइ र पाँच मिटर चौडाको पक्की पुल निर्माण भइरहेको बताउँदै तिमिल्सिनाले तोकिएको अवधिमा काम सम्पन्न हुने विश्वास व्यक्त गर्नुभयो । पुलको दुईतर्फी फाउण्डेसन वालसहित ‘स्लाप’ ढलान अन्तिम चरणमा पुगेको उहाँले जानकारी दिनुभयो। पुल सम्पन्न भएमा कोरलानाका अवलोकन गरी फर्किने पर्यटकलाई छोसेर न्हेचुङस्थित बिओपी क्याम्प तलबाट मानव निर्मित गुफा अवलोकन गर्न सहज हुने गाउँपालिका अध्यक्ष टसीनर्बु गुरुङले बताउनुभयो। पुन बनेपछि वर्षायाममा पनि सवारीसाधन ल्याएर यहाँ सहज तरिकाले पुग्न सकिने उहाँको भनाइ छ । पुल निर्माणले गाउँपालिका कार्यालय केन्द्रबाट वडा नं १ र २ लाई जोड्ने भएकाले स्थानीय नागरिकलाई आवतजावतमा सहज हुने अध्यक्ष गुरुङले विश्वास व्यक्त गर्नुभयो । उपल्लो मुस्ताङको लोमान्थाङ गाउँपालिका-१ र २ को छोसेर गाउँ नेपाल-चीन उत्तरी कोरलानाकाबाट १६ किमी दक्षिणमा पर्दछ। पछिल्लो समय झोङ गुफा अवलोकन गर्न आन्तरिक तथा बाह्य पर्यटक यहाँ पुग्ने गरेका छन्।

# विद्युतीय चिकित्सा अभिलेख सुरु भएपछि वार्षिक २० लाख खर्च कटौती

**पोखरापत्र संवाददाता**
दमौली, २० भाद्र

तनहुँको शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारास्थित जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रमा विद्युतीय चिकित्सा अभिलेख (इलेक्ट्रोनिक मेडिकल रेकर्ड) प्रणाली सुरु भएपछि वार्षिक रु २० लाख खर्च कटौती हुने भएको छ।

विश्वस्वास्थ्य सङ्गठनको आर्थिक सहयोगमा अस्पतालमा उक्त प्रणाली सुरु भएपछि वार्षिक करिब रु २० लाख खर्च कटौती हुने अस्पतालका कार्यकारी निर्देशक डा रामकुमार श्रेष्ठले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, “यो प्रणाली सुरु भएसँगै एक्स-रे खिचिएपछि त्यसको रिपार्ट चिकित्सकको कम्प्युटरमा हेर्न सकिनेछ, अहिलेलाई बिरामीले अन्यत्र लैजान एक्स-रे फिल्म माग्नुभएको अवस्थामा एक्स-रे फिल्म दिइराखेका छौँ, अन्यत्र अस्पतालमा यो प्रणाली लागू भएको अवस्थामा पेनड्राइभको व्यवस्था गर्नेछौँ ।” श्रेष्ठले यो प्रणाली सुरु भएसँगै टिकटिङ, बिलिङ, रिपोर्ट, औषधि लगायतको विवरण अनलाइन प्रणालीमार्फत जानकारी लिन सहज हुने बताउनुभयो। उहाँले भन्नुभयो, “यसले अब बिरामीको विगतदेखि वर्तमानसम्मका सबै विवरण सजिलै हेर्न सकिनेछ, एक्स-रे रिपोर्ट प्रिन्ट गर्नु पर्दैन, एक्स-रे र प्रयोगशालाको रिपोर्ट सिधै चिकित्सकले हेर्न सहज हुनेछ।” यो प्रणाली सुरु भएसँगै टिकट काउन्टर, ल्याबमा कामको भार धेरै नै कम भएको उहाँको भनाइ छ । यस प्रणालीबाट बिरामीको उपचारमा कम त्रुटि हुने र स्वास्थ्यकर्मीको समय कागजी कामभन्दा उपचारमा बढी केन्द्रित हुने, नीति योजना र अनुसन्धानमा मद्दत पुग्ने विश्वास गरिएको डा श्रेष्ठले बताउनुभयो । अस्पतालमा बिरामी आउनेबित्तिकै क्युआरसहितको कार्ड प्रदान गरिनेछ । ओपिडी गएपछि कम्प्युटरमा दर्ता भएलगत्तै विवरण सबै चिकित्सकको कम्प्युटरमा पुगिसकेको हुन्छ। उहाँले भन्नुभयो, “कुन डाक्टरले कति बिरामी जाँच गर्नुभयो, दिनमा कति आम्दानी भयो भन्ने पनि अब कम्प्युटरमै हेर्न सकिने भएको छ ।” विश्व स्वास्थ्य सङ्गठनले प्रारम्भिक सर्वेक्षणपश्चात् रु ३३ लाख २७ हजार ७९३ को उपकरण सहयोग गरेको थियो । त्यसअनुसार गत जेठ १४ गते यो प्रणालीको परीक्षण गरिएको थियो। उहाँले भन्नुभयो, “सुरुका दिनमा केही समस्याहरू देखिए, यो प्रणाली सुरु गर्दा देखिएका समस्या विश्वस्वास्थ्य सङ्गठनको प्राविधिक टोली र अस्पतालको टोलीबाट क्रमशः सुधार हुँदै गएको छ, हाम्रा जनशक्ति पनि क्रमशः अभ्यस्त हुँदै गइरहेका छन् ।” दक्षिण एसियाकै उत्कृष्ट श्वासप्रश्वास उपचार केन्द्रका रूपमा स्थापना गर्न सरकारले पूर्वप्रधानमन्त्री स्व गिरीजाप्रसाद कोइरालाका नाममा राष्ट्रियस्तरको श्वासप्रश्वास उपचार केन्द्र स्थापना गर्ने निर्णय गरेको थियो। सोहीअनुसार शुक्लागण्डकी नगरपालिकाको बेलचौतारामा ७४० रोपनी जग्गा उपचार केन्द्रका नाममा प्रदान भइसकेको छ। अस्पतालमा तनहुँको शुक्लागण्डकी नगरपालिका, भीमाद नगरपालिका, म्याग्दे गाउँपालिका, रिसिङ गाउँपालिकासहित स्याङ्जा, पाल्पा र नवलपरासीका केही गाउँपालिकाका जनता पनि सेवा लिन आउँछन् । पचास शय्याको अस्पतालमा सवारी दुर्घटनाका घाइतेको अलावा झाडापखाला, टाइफाइड, ज्वरो, ग्याष्ट्रिक, पेटसम्बन्धी र हाडजोर्नीका बिरामी नियमित आउने गरेका छन् । उपचार केन्द्रले पछिल्लो समययता विभिन्न स्वास्थ्य सुविधा थप गर्दै गएको छ। जनतालाई सहज रूपमा सबै प्रकारका स्वास्थ्य सेवा दिने उद्देश्यसहित सुविधा विस्तार गरिएको डा श्रेष्ठले बताउनुभयो । अस्पतालले विशेषज्ञ चिकित्सकबाट हाडजोर्नी तथा नशारोग, जनरल सर्जरी, इन्टरनल मेडिसिन सेवा प्रदान गरिरहेको छ । त्यसबाहेक अस्पतालले कल्चर सेवा पनि सुरु गरेको छ । अस्पतालमा ओपिडी सेवा, चौबिसै घण्टा आकस्मिक सेवा, ल्याब, भिडियो एक्स-रे सेवा, माइनर शल्यक्रियालगायत सेवा दिइरहेको छ । अस्पतालले श्वासप्रश्वासको उपचार सेवा पनि सुरु गरिसकेको छ।

# घरदैलोमा सेवा पाउँदा स्थानीय खुसी

**पोखरापत्र संवाददाता**
तनहुँ, २० भाद्र

म्याग्दे गाउँपालिका-१ टाक्राङका रितीमाया आले गाउँपालिका र वडाबाट उपलब्ध हुने सेवा घरदैलोमा पाउँदा खुसी देखिनुहुन्थ्यो। एकीकृत सेवा लिन पालिका वा वडा जानुपर्ने बाध्यता रहेकामा घरदैलोमा सबै सेवा पाएपछि उहाँ हर्षित हुनुहुन्थ्यो।

उहाँले घरदैलोबाट सेवा पाउँदा टाढा जानुपर्ने बाध्यता हटेको भन्दै आलेले यसबाट समयको बचत हुनुका साथै सहज भएको बताउनुभयो । उहाँले भन्नुभयो, “आफ्नै दैलोमा सेवा पाउँदा समय पनि बचत भयो । सुगर, प्रेसर, घुँडा दुख्ने समस्याको जाँच गरेँ । निःशुल्क औषधि पायौँ, बिउबीजन पनि निःशुल्क रूपमा पायौँ।”

स्थानीयवासी ईश्वरी रानामगरले वडा र पालिकाबाट लिनुपर्ने सेवा घरदैलोमा पाउँदा सहज भएको भन्दै खुसी व्यक्त गर्नुभयो । स्थानीय खिमबहादुर दर्लामी मगरले घरदैलोमा सेवा नहुँदा बजारसम्म जानुपर्ने बाध्यता रहेकामा घुम्ती शिविरबाट सेवा पाएपछि सजिलो भएको बताउनुभयो । उहाँले भन्नुभयो, “सेवा लिन पालिका पुग्नुपर्दाको समय बचत भयो, आर्थिक भार पनि कम भयो।”

म्याग्दे गाउँपालिकाले जनतालाई सहज रूपमा सेवा प्रदान गर्ने उद्देश्यसहित एकीकृत घुम्ती शिविर सुरु गरेको छ। घुम्ती शिविर म्याग्दे-१ बर्च्याडबाट सुरु भएको छ। हालसम्म शिविर वडा नं १ र २ मा सम्पन्न भएको छ।

गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले जनतासँग गरिएको प्रतिबद्धता अनुरूप प्रत्येक आर्थिक वर्षमा घुम्ती शिविर आयोजना गर्दै आएको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, “हामी निर्वाचित भएर आएदेखि घुम्ती शिविरमार्फत जनतालाई सेवा प्रदान गर्दै आएका छौँ । प्रत्येक आर्थिक वर्षमा एकीकृत घुम्ती शिविर सञ्चालन गरिएको छ ।” अध्यक्ष श्रेष्ठले विगत चार वर्षदेखि एकीकृत घुम्ती शिविर आयोजना गरिएको बताउँदै कतिपयले घुम्ती शिविरलाई स्वास्थ्य शिविरमात्रै भनेर बुझ्ने गरेकाले सेवाग्राहीको उपस्थिति भने कम रहेको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, “घरदैलोमा पुगेर एकीकृत रूपमा घुम्ती शिविर आयोजना गर्ने म्याग्दे तनहुँकै पहिलो पालिका हो।”

एकीकृत घुम्ती शिविर गरेर अनावश्यक खर्च गरेको भन्ने आरोप खण्डन गर्दै अध्यक्ष श्रेष्ठले आरोप लगाउनेहरूलाई एकपटक शिविर अवलोकन गर्न सुझाव दिनुभयो । जनताको सहजताका लागि सञ्चालित शिविर प्रभावकारी बन्दै गइरहेको जनाउँदै उहाँले भन्नुभयो, “शिविरले जनता र जनप्रतिनिधिको सम्बन्ध सुमधुर बनाउन सहयोग पुर्‍याएको छ।”

पालिकाको पहुँचभन्दा टाढा बसोबास गर्ने नागरिकलाई एकीकृत रूपमा स्वास्थ्य, कृषि, पशु, सेवा, पञ्जीकरण, उद्योग तथा व्यवसाय दर्ता तथा नवीकरण, राजस्व सङ्कलनलगायत गाउँपालिकाले प्रदान गर्ने सम्पूर्ण सेवाहरू सहज तरिकाले पुर्‍याउने उद्देश्यसहित घुम्ती शिविर गरिएको अध्यक्ष श्रेष्ठले धारणा राख्नुभयो । गाउँपालिकाका उपाध्यक्ष बालकृष्ण घिमिरेले पालिका नजिकको सिंहदरवार भएकाले जनताले सहज रूपमा सेवा पाउनुपर्छ भन्ने मान्यताबमोजिम आफूहरू अगाडि बढेको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, “गाउँपालिका र वडा कार्यालयले दिने सम्पूर्ण सेवा जनताको घरदैलोमा पुर्‍याउने लक्ष्यसहित कार्यक्रम आयोजना गरिएको हो।”

चालु आर्थिक वर्षमा स्वीकृत भएको कार्यक्रमअनुसार अध्यक्ष र उपाध्यक्षसँग जनता कार्यक्रमअन्तर्गत वडाले तय गरेको ग्रामीण स्थान वा आवश्यक स्थानमा सञ्चालन गर्नेगरी एकीकृत घुम्ती शिविर सञ्चालन गरिएको प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो। एउटा वडाको चार ठाउँमा गरी सात वडाका २८ ठाउँमा घुम्ती शिविर सञ्चालन गरिने उहाँले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “घुम्ती शिविरले स्थानीयवासीले घरदैलोबाट सम्पूर्ण सेवा पाउनुहुनेछ। यसले उहाँहरूको समय र खर्च बचत हुनेछ।” उहाँका अनुसार घुम्ती शिविर आगामी असोज १ गतेसम्म सञ्चालन हुनेछ। शिविर वडा नं १ मा भदौ १६ र १७ गते, वडा नं २ मा भदौ १८ र १९ गते, वडा नं ३ मा भदौ २२ र २३ गते, वडा नं ४ मा भदौ २४ र २५ गते हुनेछ। त्यस्तै वडा नं ५ मा भदौ २६ र २७ गते, वडा नं ६ मा भदौ २९ र ३० गते तथा वडा नं ७ मा भदौ ३१ र असोज १ गते सञ्चालन हुनेछ।

शिविरमा वडा तहबाट घटना दर्ता, राजस्व सङ्कलन, विभिन्न सिफारिस, स्वास्थ्य र आयुर्वेद शाखाबाट प्रदान गरिने सबै सेवा, पशु र कृषि उपशाखाबाट सञ्चालन हुने सबै सेवा प्रदान गरिनेछ। यस्तै उद्यम विकास शाखाबाट व्यवसाय दर्ता तथा नवीकरण, महिला बालबालिका उपशाखाबाट विभिन्न परिचयपत्र वितरण र अन्य सरोकार शाखाबाट विभिन्न सेवा उपलब्ध हुने जनाइएको छ।

# खेलकुद व्यवस्थापन स्नातक कार्यक्रमबारे छलफल

**पोखरापत्र संवाददाता**
पोखरा, २० भाद्र

मुलुकमा पहिलोपटक खेलकुद व्यवस्थापनमा स्नातक कार्यक्रम ( बिएसएम) सञ्चालन गरेको गण्डकी विश्वविद्यालयका पदाधिकारी र युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीबीच कार्यक्रमको प्रभावकारिताबारे छलफल भएको छ।

बिहीबार मन्त्री चौधरीको कार्यकक्षमा भएको छलफलबारे जानकारी दिँदै बिएसएम कार्यक्रमका संयोजक मधुसुदन सुवेदीले विश्वविद्यालय र मन्त्रालयबीचको सहकार्य, मन्त्रालयले निर्वाह गर्नुपर्ने भूमिका, कार्यक्रमको व्यवस्थापन, राष्ट्रिय खेल संस्थाहरूसँगको साझेदारी, खेलकुद क्षेत्रको समग्र विकास एवं त्यसमा शैक्षिक सम्मिश्रणलगायत विषयमा विमर्श भएको थियो । त्यस अवसरमा युवा तथा खेलकुद मन्त्रालयका सचिव हरिप्रसाद लम्साल, विश्वविद्यालयका उपकुलपति प्राध्यापक नवराज देवकोटालगायत उपस्थित हुनुहुन्थ्यो।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : अप्रत्यसित लाभ |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : आर्थिक समस्या | धनु | : मानसिक तनाब |
| कर्कट | : कार्यमा सफलता | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : झमेला बढ्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


## सार्वजनिक सूचना

कास्की जिल्ला पोखरा-२९ बस्ने ममिता खत्री खड्काको नाममा रहेको पोखरा महानगरपालिका वडा नं. २९ को कित्ता नं. ३६९३ को क्षेत्रफल २५०.३६ वर्गमिटर भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा पूर्व तर्फ कि.नं. ३६५३ र उत्तर तर्फ कि. नं. ३६६० का सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. २९ को कार्यलयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

# स्थानीय तहका योजना: टुक्रे र वितरणमुखी

**सन्तोष गौतम**
म्याग्दी, २० भाद्र

जिल्लाका छवटा स्थानीय तहले आर्थिक वर्ष २०८१/८२ मा कार्यान्वयन गरेकामध्ये ७७ प्रतिशत बढी योजना रु पाँच लाखभन्दा कम बजेटका छन् ।

बेनी नगरपालिका, धवलागिरि, मालिका, मङ्गला, रघुगङ्गा र अन्नपूर्ण गाउँपालिकाले कार्यान्वयन गरेका एक हजार वटा योजनामध्ये सात सय ७८ वटा रु पाँच लाखभन्दा कम बजेटका हुन् । रु ५० लाखभन्दा बढी बजेटका ३१, रु २५ देखि ५० लाख बजेटका १६ र रु पाँच लाख देखि रु २५ लाख बजेटका योजना सङ्ख्या एक सय ७६ वटा छन् ।

गत वर्षका आठ सय ९३ योजना उपभोक्ता समिति र ८२ वटा योजना ठेक्काबाट कार्यान्वयन भए भने अधुरा र कार्यान्वयन नभएका योजना सङ्ख्या २७ वटा छन् । उपभोक्ता समितिसँग सम्झौता भएका तीनवटाबाहेकका अन्य सबै योजना सम्पन्न भए । अधूरा रहेका योजना ठेक्काका हुन् ।

न्यून आन्तरिक स्रोत भएका स्थानीय तहहरूले सङ्घीय र प्रदेश सरकारको अनुदानमा निर्भर भएर बनाउने बजेट टुक्रे र वितरणमुखी हुँदा परिणाम र ठोस उपलब्धि देखिन नसकेको म्याग्दी बहुमुखी क्याम्पसको समाजशास्त्र विषयका प्राध्यापक गोरखबहादुर जिसीले बताउनुभयो । "सिमित बजेटबाट भूगोल र टोल मिलाएर नागरिकको अपेक्षा सम्बोधन गर्नुपर्ने बाध्यता, योजना र बजेटलाई भोटसँग जोडेर लोकप्रियता कमाउन खोज्नु, परिणामलाई भन्दा पनि बजेट खर्च हुनुलाई उपलब्धि मापनको आधार मानिँदा स्थानीय तहको बजेट विकेन्द्रित भएको छ", उहाँले भन्नुभयो, "टुक्रे र वितरणमुखी योजना दिगो र प्रभावकारी हुँदैन । पहुँचवाला र टाठाबाठाहरूको मागिखाने भाँडो मात्र भएको छ ।" टुक्रे योजनामा बजेट छरिँदा प्रशासनिक व्ययभार बढाएको छभने दूरगामी महत्वका रणनीतिक योजनामा बजेट अपुग हुने समस्या देखिएको छ । स्थापनाकालदेखि नै साविक गाविसका वडा र टोलअनुसार योजना छनोट र बजेट विनियोजनको अभ्यास गर्दै आएका म्याग्दीका स्थानीय तहहरूले चालु आर्थिक वर्षमा पनि विगतको अभ्यासलाई निरन्तरता दिएका छन् । पालिका र वडास्तरका योजनाका लागि भनेर प्रमुख/उपप्रमुख र वडा अध्यक्षले सीमा तोकेर योजनाका लागि बजेट वितरण गर्ने अभ्यास छ । सङ्घीय र प्रदेश सरकारको विशेष र समपूरक अनुदान तथा साझेदारीबाहेकका योजना अधिकांश टुक्रे छन् ।



### कुन स्थानीय तहका कस्ता योजना

बेनी नगरपालिकाले आर्थिक वर्ष २०८१/८२ मा बजेट विनियोजन गरेका तीन सय १६ मध्य दुई सय ७३ वटा रु पाँच लाखभन्दा कमका थिए । पुँजीगततर्फ रु २१ करोड नौ लाख ८५ हजार बजेट विनियोजन भएकोमा ८३ दशमलव ९९ अथवा रु १७ करोड ७२ लाख १५ हजार खर्च गरेको थियो । रु ५० लाखभन्दा बढीका सात, २५ देखि ५० लाख बजेटका तीन र रु पाँच देखि २५ लाख बजेटका ३३ वटा योजना रहेको बेनीका दुई सय ८५ योजना उपभोक्ता समिति, २० वटा ठेक्का, चारवटा अन्य विधिमार्फत कार्यान्वयन भएका प्रमुख प्रशासकीय अधिकृत अर्जुन शर्माले बताउनुभयो । गत वर्ष नगरपालिकाले बजेट विनियोजन गरेकामध्ये सातवटा योजना कार्यान्वयन भएनन् । रु १४ करोड ५७ लाख ८१ हजार पुँजीगत बजेटमध्ये ७३ दशमलब १३ प्रतिशत अथवा रु १० करोड ६६ लाख ११ हजार ७९३ खर्च गरेको धवलागिरि गाउँपालिकामा एक सय २४ वटामध्ये रु पाँच लाखभन्दा कम बजेटका योजना सङ्ख्या ९७ वटा थियो । रु ५० लाख भन्दा बढी बजेटका पाँच, रु २५ देखि ५० लाखका दुई र रु पाँचदेखि २५ लाखका २० वटा योजना थिए । धवलागिरिका आठवटा योजना ठेक्का र एक सय २४ वटा उपभोक्ता समितिमार्फत कार्यान्वयन भएका योजना अधिकृत हरिहर पनेरुले बताउनुभयो । रु १८ करोड तीन लाख १५ हजार पुँजीगत बजेटमध्ये ५२ दशमलव ७७ प्रतिशत अथवा रु नौ करोड ५१ लाख ४८ हजार खर्च गरेको मालिका गाउँपालिकाले बजेट विनियोजन गरेका एक सय ५४ मध्ये एक सय १७ वटा रु पाँच लाखभन्दा कम बजेटका थिए ।

प्रमुख प्रशासकीय अधिकृत हरिश्चन्द्र ढकालले रु ५० लाख बढी बजेटका पाँच, रु २५ देखि ५० लाख बजेटका तीन र रु पाँचदेखि २५ लाख बजेटका २० वटा योजना रहेको बताउनुभयो । एक सय ३७ वटा योजना उपभोक्ता समिति र चारवटा ठेक्का तथा १७ वटा योजना संस्था र विद्यालय व्यवस्थापन समितिमार्फत कार्यान्वयन गरेको उहाँले बताउनुभयो । पुँजीगत शीर्षकमा पूर्वाधार विकासमा रु १७ करोड ५४ लाख बजेट विनियोजन भएकामा रु ११ करोड १५ लाख अथवा ६३ प्रतिशत बजेट खर्च गरेको मङ्गला गाउँपालिकाले एक सय ३८ वटामध्ये २७ वटा ठेक्का र एक सय ११ वटा उपभोक्ता समितिमार्फत कार्यान्वयन गरेको छ । रु पाँच लाखभन्दा कम बजेटका एक सय चार, रु पाँचदेखि २५ लाखका २७, रु २५ देखि ५० लाखका एक र रु ५० लाख बढी बजेट विनियोजन भएका योजना सङ्ख्या छवटा थिए । प्रमुख प्रशासकीय अधिकृत गोपाल शर्माले महालेखा परीक्षकको कार्यालयको सुझावअनुसार जटिल र उपकरणको प्रयोग हुने योजनालाई ठेक्कामार्फत कार्यान्वयन गरिएको बताउनुभयो । रु १२ करोड ४६ लाख ५२ हजार पुँजीगत बजेट विनियोजन र ६३ प्रतिशत अथवा रु आठ करोड २७ लाख ७१ हजार ६८९ खर्च गरेको रघुगङ्गा गाउँपालिकाका एक सय ३६ वटा योजनामध्ये तीनवटा ठेक्कामार्फत कार्यान्वयन भएका हुन् । उपभोक्ता समितिसँग सम्झौता भएका तीनवटा योजनाको फरफारक गर्न नआएका र एक सय ३० वटा सम्पन्न भएका गाउँपालिकाले जनाएको छ । कुल एक सय ३४ मध्ये एक सय १४ वटा उपभोक्ता समिति र २० वटा ठेक्का प्रक्रियाबाट कार्यान्वयन गरेको अन्नपूर्ण गाउँपालिकाले पुँजीगत शीर्षकमा विनियोजन भएको रु १९ करोड ९१ लख ५३ हजारमध्ये रु १० करोड तीन लाख चार हजार अथवा ५० दशमलब ३७ प्रतिशत खर्च गरेको छ ।

अन्नपूर्णमा गत वर्ष रु पाँच लाखभन्दा कमका ७४, रु पाँच लाखदेखि २५ लाख बजेटका ५३, रु २५ देखि ५० लाखका तीन र रु ५० लाख बढी बजेटका चारवटा योजना थिए । अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले रु पाँच लाखभन्दा कम बजेटका योजनाहरू धेरै वडास्तरीय भएका बताउनुभयो । "पालिकास्तरीय, सङ्घ र प्रदेशको विशेष र समपूरक अनुदानका योजनाको बजेट प्राथमिकताप्राप्त योजनामै केन्द्रित गरेका छौँ", उहाँले भन्नुभयो, "धेरैजसो वडामा साविक गाविसका टोलअनुसार बजेट वितरण गर्ने अभ्यासमा सुधार ल्याउन नसक्दा टुक्रे योजना धेरै देखिए पनि कतिपय अवस्थामा नागरिकको आधारभूत समस्याको समाधान भएको नकार्न सकिँदैन ।"

अन्नपूर्ण गाउँपालिका-७ हिस्तानका वडाध्यक्ष मइलन पुर्जा पुनले उपभोक्ता समितिमा बस्ने मान्छे नपाउने र परिणाम नदेखिने भएकाले वडालाई प्राप्त हुने बजेटलाई एक टोलमा एकमात्र योजना बनाएर कार्यान्वयन गर्ने अभ्यास गरेको बताउनुभयो । समुदायसँग छलफल गरेर प्राथमिकताप्राप्त योजनामा बजेट केन्द्रित गर्दा परिणाम पनि देखिने र सुरु गरेको कामले पनि पूर्णता पाएको उहाँले बताउनुभयो ।

छलफल र सहजीकरण गर्न सक्ने हो भने टुक्रे योजनामा बजेट विकेन्द्रित हुनबाट रोकेर प्राथमिकताप्राप्त योजनामा केन्द्रित गरेर उपब्धिमूलक बनाउन सकिने अन्नपूर्णको हिस्तान, दाना र धवलागिरिको गुर्जामा भएको अभ्यासले देखाएको छ । जनप्रतिनिधि र कर्मचारीले स्वार्थ नराखी रणनीतिक महत्वका र रोजगारी सृजना हुने योजनामा बजेट केन्द्रित गर्दा परिणाम देखिने, नागरिकले लाभ पाउने र बजेटको सदुपयोग पनि हुने प्राध्यापक जिसीको भनाइ छ । योजना छनोट र बजेट विनियोजनमा कार्यपालिकाअन्तर्गतको विषयगत समितिलाई जिम्मेवार बनाउन सकेमा सुधार गर्न सकिने उहाँले सझुाव दिनुभयो ।

# पुरस्कारको रकम सामुदायिक विद्यालयलाई सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, २० भाद्र



पोखराको लामाचौरमा रहेको सरस्वती विद्याश्रमका विद्यार्थीले त्यस क्षेत्रका सामुदायिक विद्यालय सहयोग गरेका छन्।

हालै लामाचौर तीज महोत्सव र ऐतिहासिक बाटुलेचौर तीज मेलामा भएको विद्यालय स्तरीय लोक नृत्य प्रतियोगितामा सहभागी भई प्राप्त गरेको पुरस्कारबाट उनीहरूले १९ नम्वर वडाका ६ वटा विद्यालयलाई ६/६ थान कुर्सी हस्तान्तरण गरेको भुमेश्वर आधारभुत विद्यालयका अध्यक्ष रामप्रसाद पौडेलले जानकारी दिनुभयो। सो सहयोग वडाध्यक्ष पुष्पेन्द्र पाण्डे र सरस्वती विद्याश्रमका प्राचार्य कृष्ण गुरुङले विद्यालयका प्रधानाध्यापकलाई हस्तान्तरण गरे । वडाका जनप्रतिनिधि तथा विद्यालय व्यवस्थापन समिति सदस्य दुर्गादेवि बस्नेतको अध्यक्षतामा आयोजित सहयोग हस्तान्तरण कार्यक्रममा वडाध्यक्ष पुष्पेन्द्र पाण्डेले सरकारी विद्यालय प्रति विद्यार्थीले गरेको कार्य प्रशंसनीय रहेको बताउँदै, विद्याश्रमले विगतका वर्षदेखि नै सामाजिक सहयोगको क्षेत्रमा उदाहरणीय कार्यहरु गर्दै आएको बताउनुभयो। प्राचार्य कृष्ण गुरुङले विभिन्न अतिरिक्त कार्यक्रम अन्तरगत स्थानीय तहका मेला, पर्व र दिवसमा भाग लिएर प्राप्त गरेको पुरस्कार विद्यार्थीको ईच्छा अनुरुप महानगर भित्रका विभिन्न शैक्षिक संस्थाहरुमा सहयोग गर्दै आईरहेको र यसपटक पोखरा १९ का आधार भूत विद्यालयलाई सहयोग गरेको जानकारी दिनुभयो ।

सरस्वती विद्याश्रमले हालै सम्पन्न लामाचौर तीज महोत्सवको नृत्य प्रतियोगितामा सान्त्वना र बाटुलेचौर तीज मेलामा द्वितीय स्थान प्राप्त गरेका थिए ।

# 'फोहर व्यवस्थापनमा पोखराले धनगढीबाट सिक्न सक्छ'

**रासस**
गण्डकी, २० भाद्र

"सडक, पुल, भवन नभई हाम्रो नगर गौरवको योजना फोहर व्यस्थापन र सरसफाइ प्रवर्द्धन हो", कैलालीको धनगढी उपमहानगरपालिका प्रमुख गोपी हमालले यसो भनिरहँदा कार्यक्रमका सहभागीले परर ताली बजाए । प्रमुख हमालले भन्नुभयो, "फोहर व्यवस्थापनमा जनशक्ति, स्रोतसाधन छैन भनेर गुनासो मात्र गरेर बस्ने होइन, हामीले फोहर नै नगर्ने बानी बसाल्नुपर्छ ।" उहाँको यो भनाइमा फोहर व्यवस्थापनमा व्यापक सामुदायिक सचेतना र जनसहभागिताको खाँचो रहेको भाव थियो ।

फोहर व्यवस्थापनमा धनगढी उपमहानगरपालिकाले अपनाएको सीप, प्रविधि र असल अभ्यासबारे अनुभव आदानप्रदानका लागि पुगेको पोखरा महानगरपालिकाको टोलीसमक्ष धनगढीका प्रमुख हमालले फोहर व्यवस्थापनमा अन्तरपालिका समन्वय र सहकार्यमा जोड दिनुभयो। "पोखराले गरिरहेको काम हाम्रा लागि अनुकरणीय हुनसक्छ, धनगढीबाट पोखराले पनि सिक्न सक्छ", उहाँले भन्नुभयो, "कम प्राथमिकतामा परिरहेको फोहर व्यवस्थापनलाई स्थानीय सरकारले पहिलो प्राथमिकतामा राख्नुपर्छ । मान्छे र प्रकृति स्वस्थ र स्वच्छ भए मात्र अरू गतिविधि सही ढङ्गले अगाडि बढाउन सकिन्छ । 'हाम्रो धनगढी, सफा धनगढी' र 'हाम्रो धनगढी, हामी बनाउँछौँ' भन्ने आदर्श वाक्यलाई आत्मसात् गर्दै फोहरमैला व्यवस्थापन र हरियाली प्रवर्द्धन कार्यक्रम सञ्चालन भइरहेको उपमहानगरप्रमुख हमालले बताउनुभयो । अवलोकन भ्रमणका लागि पुगेको महानगरपालिकाको टोलीले त्यहाँ सञ्चालनमा रहेको फोहर व्यवस्थापनसम्बन्धी आयोजनाको स्थलगत अध्ययन तथा अवलोकन गरेको थियो । धनगढी-२ सरस्वती नगरमा रहेको बायोग्यास प्लान्ट, फोहरको सूक्ष्म वर्गीकरण केन्द्र र निर्माणाधीन स्वास्थ्यजन्य फोहर व्यवस्थापन केन्द्रको अवलोकन गरिएको थियो । उक्त टोलीले धनगढी-७ पटेलामा निर्माणाधीन एकीकृत फोहरमैला व्यवस्थापन केन्द्रको पनि अवलोकन गरको थियो । करिब रू एक अर्बको लागतमा बन्ने उक्त आयोजनाको भौतिक प्रगति ८० प्रतिशत पुगेको निर्माण कम्पनीले जनाएको छ । एसियाली विकास बैंकको सहुलियत दरको ऋण सहयोगमा सङ्घ सरकार र उपमहानगरपालिका मिलेर उक्त केन्द्रको निर्माण सुरू गरेका थिए । ३० वर्षसम्म फोहर व्यवस्थापन हुने गरी उक्त केन्द्र बन्न लागेको हो । उपमहानगरपालिकाका वातावरण अधिकृत अशोक अवस्थीले २२ हेक्टर क्षेत्रफलमा सार्वजानिक-निजी साझेदारीमा एकीकृत फोहरमैला व्यवस्थापन केन्द्र निर्माण भइरहेको बताउनुभयो । निजी कम्पनीको लगानीमा फोहरबाट बायोग्यास प्लान्ट बनिसकेकाले छिट्टै व्यावसायिक उत्पादन सुरू हुने जनाइएको छ । उपमहानरपालिका, सेभ द चिल्ड्रेन र जेआइजेडको लगानी तथा सहकार्यमा स्वास्थ्यजन्य फोहरमैला व्यवस्थापन केन्द्र निर्माण भइरहेको वातावरण अधिकृत अवस्थीले बताउनुभयो । फोहरको सूक्ष्म वर्गीकरण र प्रशोधनको जिम्मा पनि निजी क्षेत्रलाई दिइएको उहाँले जानकारी दिनुभयो । त्यस क्रममा सरसफाइमा नमुना काम गरेको स्थानीय आदर्शटोल र सर्वोदय माध्यमिक विद्यालयको पनि अवलोकन गरिएको थियो ।



हरियाली प्रर्‌वद्धन कार्यक्रमअन्तर्गत आफ्ना दिवङ्गत आफन्तजनको स्मृतिमा सडक किनारामा रूख रोप्ने अभियान अनुकरणीय लागेको पोखरा महानगरपालिकामा सञ्चालित 'रिसाइकलिङ र अपसाइकलिङमार्फत हरित रोजगारी सिर्जना परियोजना'का सहजकर्ता नेत्र तिमिल्सिनाले बताउनुभयो । "फोहर व्यवस्थापनमा धनगढीले गरेको लगानी, सामुदायिक अभियान, नीतिगत र कानुनी संरचनाको कार्यान्वयन हाम्रा लागि पनि महत्त्वपूर्ण सिकाइ बन्यो", उहाँले भन्नुभयो, "धनगढीमा सफल भएका असल अभ्यासलाई पोखरामा पनि लागू गर्छौं ।"

सहरी क्षेत्रमा चुनौती बनेको फोहर व्यवस्थापनमा स्थानीय तहबीच सहकार्य हुनुपर्नेमा भन्दै तिमिल्सिनाले फोहरको उचित व्यवस्थापनमार्फत आयआर्जनका गतिविधि एवं रोजगारी सिर्जना गर्नुपर्नेमा जोड दिनुभयो । धनगढीमा प्लास्टिकजन्य फोहर नियन्त्रणका लागि गुट्खालगायत एकपटक प्रयोग गरेर फाल्ने प्लास्टिकलाई प्रतिबन्ध लगाइएको छ । ९५ प्रतिशत फोहर घरघरबाटै वर्गीकरण भएर फोहर व्यवस्थापन केन्द्रमा आउने व्यवस्था मिलाइएको छ । फोहरमैलाको दिगो समाधानका लागि व्यक्तिको व्यवहार परिवर्तन नै मुख्य कुरा हो भनेर धनगढीले सञ्चालन गरेको अभियान अनुकरणीय रहेको तिमिल्सिनाको भनाइ छ । उहाँले भन्नुभयो, "विद्यालय र समुदाय परिचालनमा पनि धनगढीको अभ्यास राम्रो देखियो ।" फोहरमैला व्यवस्थापनमा नमुनायोग्य काम गरेका स्थानीय तहबीच असल अभ्यास आदानप्रदान गर्न

गत सोमबारदेखि शुक्रबारसम्म गरिएको अवलोकन भ्रमणमा पोखरा महानगरपालिकाका कर्मचारी, परियोजनाका कर्मचारी, संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमलगायत विभिन्न सङ्घसंस्थाका प्रतिनिधिहरू सहभागी थिए । कोरिया अन्तरराष्ट्रिय सहयोग नियोग र संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमको सहयोगमा पोखरा महानगरपालिकामा 'रिसाइक्लिङ र अपसाइकलिङमार्फत हरित रोजगारी सिर्जना परियोजना' सञ्चालनमा छ । यसले हरित रोजगारी प्रवर्द्धन गर्दै ठोस फोहरमैलाबाट सिर्जना हुने प्रदूषण तथा नकारात्मक वातावरणीय प्रभावलाई न्यूनीकरणमा टेवा पुग्ने जनाइएको छ । परियोजनाले फोहर सङ्कलन तथा ढुवानी र वर्गीकरणका लागि सामुदायिक सचेतना अभिवृद्धिको काम पनि गर्दै आएको छ । त्यसका लागि १३६ वटा टोल संस्था परिचालन गरिएको छ । सन् २०२४ देखि सुरू भएको उक्त परियोजना सन् २०२९ सम्म सञ्चालन हुने पोखरा महानगरपालिकाले जनाएको छ ।

# शिक्षण र बुटिक पेसापछि 'ड्रागनफ्रुट' मा आकर्षित गौली

**पोखरापत्र संवाददाता**
दमौली, २० भाद्र

व्यास नगरपालिका-२ दमौली निवासी कल्पना गौलीले व्यावसायिक रूपमा सिउँडीफल (ड्रागनफ्रुट)खेती गर्नुभएको छ । उहाँले व्यास नगरपालिका-५ ढोडेनीमा सिउँडीफलको खेती गर्नुभएको हो ।

सोह्र वर्ष शिक्षण र १५ वर्ष बुटिक पेसा गरेपछि गौली विगत तीन वर्षदेखि कृषितर्फ आकर्षित हुनुभएको हो । माँ अम्बे अलौकिक कृषि फार्म दर्ता गरी उहाँले व्यावसायिक रूपमा ड्रागनफ्रुटखेती गर्नुभएको छ । नौ रोपनी जग्गा २० वर्षका लागि भाडामा लिएर यसको खेती गरिरहेको उहाँले बताउनुभयो । बेर्ना खरिद, बगान तयारदेखि अन्य संरचना निर्माणमा रु एक करोड ५० लाख खर्च भएको उहाँको भनाइ छ । नौ रोपनीमध्ये सात रोपनी जग्गामा सिउँडीफलको खेती गरिएको छ ।



बाँकी जग्गामा आवश्यक संरचना निर्माण गरिएको गौलीको भनाइ छ । गत वर्ष फार्मबाट उत्पादित सिउँडीफल, गिठ्ठा, सिस्नो, पिँडालु, मस्यौरा र मौसमी तरकारीको बिक्रीबाट रु २० लाख आम्दानी भएको थियो । यसपटक चौथो छिमलको ड्रागन बजारमा पुर्‍याउँदा रु आठ लाख ५० हजार आम्दानी भइसकेको उहाँले उल्लेख गर्नुभयो । ड्रागन बिक्रीका लागि बजारको समस्या नभएको गौलीको अनुभव छ ।

उहाँले भन्नुभयो, "यहाँ उत्पादित सिउँडीफल दमौली बजारमा गाडीमा राखेर बिक्री गर्ने गरेको छु । त्यस्तै प्रत्येक शुक्रबार आँबुखैरेनीमा लाग्ने हाटबजारमा पनि यसको माग उच्च छ, बजार समस्या छैन ।" आँबुखैरेनीको हाटबजारमा तीन सय किलोसम्म सिउँडीफल बिक्री हुने गरेको छ ।

दमौली बजारका व्यापारीहरूले पनि स्थानीयस्तरमै उत्पादित सिउँडीफल बिक्री गर्नुपर्छ भन्ने भावना विकास गरिसकेको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "बाहिरी जिल्लाबाट आएकाभन्दा स्थानीयस्तरमै उत्पादितलाई प्रोत्साहन गर्नुपर्छ भनेर व्यापारीहरूले भन्नुहुन्छ । यसले पनि मलाई यसतर्फ प्रोत्साहित गरेको छ ।" ऋषिङ गाउँपालिका-१ झापुटारमा रहेको माइतीको जग्गामा खेती गर्ने सोच बनाए पनि पानीको समस्याले ढोडेनीमा जग्गा भाडामा लिएर खेती गरेको उहाँको भनाइ छ । उहाँले भारतबाट बेर्ना मगाएर सात रोपनी जग्गामा गाडेको पाँच सय २५ पोलमा ड्रागन लगाउनुभएको छ । यहाँ गोदाम, एसीसहितको कोल्डरुम, गार्डहाउस र बगान अवलोकनका लागि भ्यूटावर निर्माण गरिएको छ । सिउँडफलमा रासायनिक मल प्रयोग गरिएको छैन । यसका लागि जैविक मल प्रयोग गर्ने गरिएको गौलीको भनाइ छ ।